कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.:-०८१।८२

च.नं.:- १८२६

मिति- २०८१।१२।२०

**रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि जरुरी सूचना ।**

पर्वत जिल्ला, कुश्मा नगरपालिका अन्तर्गत श्री हिमालय माध्यमिक विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह अग्रेजी विषय शिक्षक सख्या १ र सामाजिक विषय शिक्षक सख्या १ मा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. ५१ मिति २०८१।१२।२० को पत्रवाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय र स्थानीय तहको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना hmlmvknp2@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।
३. सामाजिक विषय शिक्षक पदमा शिक्षक सेवा आयोगमा माग भएको कारणले जिल्ला भित्र कार्यरत स्थायी शिक्षकले मात्र निवेदन दिन पाइनेछ ।

..................

नेत्रप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई
कुश्मा, पर्वत ।

श्री हिमालय माध्यमिक विद्यालय
कुश्मा नगरपालिका - ०२ खुर्कोट, पर्वत ।